# औद्योगिक गणना २०५९ को प्रश्नावली भर्ने

# निर्देशिका

श्री ५ को सरकार
**राष्ट्रिय योजना आयोगको सचिवालय**
**केन्द्रीय तथ्याङ्क विभाग**
रामशाहपथ, काठमाण्डौ
फोन नं. २५२४७९, २४५९४६, २४५९४७



## परिचय

देशको समग्र विकासको लागि आधारभूत, समय सापेक्ष र भरपर्दो तथ्यांकको आवश्यकता हुने कुरा सर्वविदितै छ । अर्थतन्त्रको स्थिति झल्काउने आर्थिक तथ्याङ्का विभिन्न क्षेत्रहरुमध्ये औद्योगिक तथ्याङ्क एक महत्वपूर्ण एवं अनिवार्य क्षेत्र हो । औद्योगिक उन्नति विना आर्थिक विकास सम्भव नहुने भएकोले औद्योगिक क्षेत्रको बिकास र विस्तारमा राष्ट्रले गर्नुपर्ने पहलको लागि औद्योगिक क्षेत्रले राष्ट्रको समग्र विकासमा पुऱ्याएको योगदानको अध्ययन र विस्तृत समिक्षा समय समयमा गर्नु पर्ने हुन्छ । यसै प्रयोजनार्थ नेपाल अधिराज्यभर दश वा दश भन्दा बढी व्यक्तिहरु संलग्न गराई चालू अवस्थामा रहेका उद्योगहरुको वर्तमान स्थिति र क्रियाकलापहरुको अध्ययन गर्न आ.ब. २०५९।६० मा आठौं औद्योगिक गणना संचालन गर्न लागिएको हो । यसरी गरिएको गणनाबाट प्राप्त तथ्यांकहरुले समग्रमा नीति निर्माता एवं योजनाकारहरुलाई औद्योगिक क्षेत्रको भावी संरक्षण, सम्वर्द्धन र विकासका नीति योजना तर्जमा गर्न तथा सो को कार्यान्वयन र मूल्यांकन गर्न सहयोग गर्नेछ । यस क्षेत्रमा अनुसन्धान गर्ने गराउने अनुसन्धानकर्मीहरु, उद्योगपतिहरु, विद्यार्थीहरु र यस क्षेत्रमा सामान्य चासो राख्ने व्यक्तिहरुलाई पनि यसले पथ प्रर्दशकको काम गर्नेछ ।

नेपालको तथ्यांकीय इतिहासमा प्रथम औद्योगिक गणना वि.सं. २०२२ सालमा सम्पन्न भएको थियो । त्यसपछि वि.सं. २०३०, २०३४, २०३९, २०४४, २०४९ र २०५४ मा क्रमशः दोस्रो, तेस्रो, चौथो, पाँचौ, छैठौ र सातौ औद्योगिक गणना सम्पन्न भयो ।

गणनाको निमित्त तयार पारिएको प्रश्नावली भित्र रहेका प्राविधिक एवं सैद्धान्तिक कुराहरूलाई सकेसम्म स्पष्ट पार्ने उद्देश्यले यो निर्देशिका तयार गरिएको हो । गणनामा संलग्न दुई पक्ष कर्मचारी एव उद्योगपतिहरू दुवैका निमित्त स्तरिय तथ्यांक संकलन गर्न गराउन यो निर्देशिका सहयोगी हुनेछ भन्ने आशा गरिएको छ ।

## प्रश्नावली भर्दा ध्यान दिनु पर्ने कुराहरू :-

(क) सोधिएका प्रश्नहरूको उत्तर सम्बन्धित ठाउँमा स्पष्ट गरी लेख्नु पर्दछ ।

(ख) प्रश्नावली भर्दा विभागीय प्रयोजनको लागि भनेर छुट्याइएको बाहेक अन्य कुनै पनि कोठा खाली छाड्नु हुँदैन । उद्योग प्रतिष्ठानसँग असम्बन्धित वा उपयुक्त नभएको प्रश्नको उत्तर लेख्नु पर्ने ठाउँमा यस्तो “X” र कुनै मूल्य, परिमाण या संख्या शून्य भएमा “0” लेख्नु पर्दछ ।

(ग) प्रश्नका उत्तरहरू अंक र अक्षर सवै नेपालीमा मात्र लेख्नु पर्दछ ।

(घ) इकाई उल्लेख गर्नु परेमा मेट्रिक प्रणाली (किलोग्राम, मिटर, लिटर आदि) को प्रयोग गर्नु पर्दछ ।

(ङ) प्रश्नावलीमा भरिने इकाईहरूको मूल्य उल्लेख गर्दा रु. हजारमा “०००” मा उल्लेख गर्नु पर्दछ ।

## गणनामा पर्ने उद्योग प्रतिष्ठानको परिभाषा

उद्योग प्रतिष्ठान भन्नाले एउटै प्रशासनिक नियन्त्रणमा कुनै निश्चित स्थानमा रही उत्पादन कार्य गर्ने आर्थिक इकाईलाई बुझाउँछ । उत्पादन कार्य भन्नाले निर्जिव वा जैविक बस्तुलाई यान्त्रिक या रसायनिक या अन्य कुनै प्रक्रियाद्वारा प्रशोधन वा रूपान्तर गरी नयाँ बस्तुमा परिणत गर्ने कार्य सम्झनुपर्दछ । उदाहरणको लागि उक्त कार्यले उत्पादन कार्यमा संलग्न निम्न लिखित औद्योगिक प्रतिष्ठानहरूलाई समेट्दछ ।

(क) खाद्य तथा चुरोट उद्योगहरु जस्तै :- डेरी, चामल, दाल, तेल, चुरोट ईत्यादि उत्पादन गर्ने उद्योगहरु

(ख) कपडा, तयारी पोशाक तथा छाला उद्योगहरु

(ग) काष्ठ उद्योगहरु

(घ) कागज उद्योगहरु ।

(ङ) रसायन, रबर तथा प्लाष्टिक उद्योगहरु जस्तैः- औषधी, सावुन, टायर, पोलिथिन, प्लाष्टिकका सामानहरु ईत्यादि उत्पादन गर्ने उद्योगहरु ।

(च) अधातु खनिज उद्योगहरु जस्तै :- सिसा, ईटा, सिमेन्ट, चुन उद्योगहरु ।

(छ) धातु उद्योगहरु जस्तै :- फलाम, स्टील, तामा आदि बाट बन्ने सामानहरु उत्पादन गर्ने उद्योगहरु ।

(ज) वैज्ञानिक उपकरणहरु बनाउने उद्योगहरु जस्तै :- टि.भि., रेडियो, घडि, कम्प्यूटर ईत्यादि उत्पादन गर्ने उद्योगहरु ।

औद्योगिक गणना २०५९ मा १० वा सो भन्दा बढी कामदार लगाई (तलब पाउने वा नपाउने) चालूअवस्थामा रहेका उद्योग प्रतिष्ठानहरू समावेश गरिने छन ।

## सन्दर्भ वर्ष

औद्योगिक गणना २०५९ को निम्ति सन्दर्भ वर्ष २०५८ श्रावण १ गते देखि २०५९ आषाढ मसान्त सम्म (आर्थिक वर्ष २०५८।५९) तोकिएको छ । प्रश्नावलीमा त्यसै अवधिको विवरण भर्नु पर्दछ । तर कुनै उद्योग प्रतिष्ठानको वार्षिक कारोवारको हिसाव राख्ने छुट्टै आर्थिक वर्ष भए सोही अनुसारको १ वर्ष अवधिको विवरण भरेपनि हुन्छ । जस्तो कुनै उद्योग प्रतिष्ठानले आफ्नो वार्षिक हिसाव हरेक वर्ष चैत्र मसान्तमा बन्द गर्ने गरेको भए त्यस्तो प्रतिष्ठानको २०५८ वैशाख १ गते देखि २०५८ चैत्र मसान्त सम्मको वार्षिक विवरण नै प्रश्नावलीमा लेख्नुपर्दछ । २०५९ साल श्रावण १ गते पछि उत्पादन शुरु गर्ने प्रतिष्ठानहरू सन्दर्भ वर्षभित्र पर्दैनन् र तिनलाई गणनामा संलग्न गरिने छैन । तर यस्ता उद्योग प्रतिष्ठानको परिचयात्मक विवरण मात्र भर्नु अनिवार्य छ । सन्दर्भ वर्ष भित्र उत्पादन कार्य शुरु गरेका सवै किसिमका उद्योग प्रतिष्ठानहरूको विवरण संकलन गर्नु पर्नेछ ।

## १. उद्योग प्रतिष्ठानको परिचयात्मक विवरण

### १.०१ उद्योग प्रतिष्ठानको नाम

उद्योग प्रतिष्ठानको नाम लेख्दा प्रतिष्ठानको रजिष्टर्ड गर्दा लेखिएको नाम वा साइनवोर्डमा लेखिएको नाम लेख्नु पर्दछ ।

### १.०२ जिल्ला

उद्योग प्रतिष्ठान जुन जिल्लामा रहेको छ, सो जिल्लाको नाम यस महलमा उल्लेख गर्नु पर्दछ ।

### १.०३ नगरपालिका/गाउँ विकास समिति

यस महलमा उद्योग प्रतिष्ठान रहेको नगरपालिका, उप-महानगरपालिका, महानगरपालिका वा गाउँ विकास समितिको नाम स्पष्ट खुलाई लेख्नु पर्दछ ।

### १.०४ वार्ड नं.

उद्योग प्रतिष्ठान जुन वार्डमा सन्चालन भईरहेको छ , सो वार्ड नं. यस महलमा खुलाउनु पर्दछ ।

### १.०५ टोल/गाउँ

गणना अन्तर्गत पर्ने उद्योग प्रतिष्ठानहरू जुन टोल/गाउँमा अवस्थित छन्, सो टोल र गाउँको नाम यस महलमा लेख्नु पर्दछ ।

### १.०६ रजिष्टर्ड नम्बर

रजिष्टर्ड नम्बर तोकिएको महलमा प्रतिष्ठान रजिष्टर्ड भएको भए उक्त रजिष्टर्ड नम्बर र जुन सालमा रजिष्टर्ड भएको हो सोही साल लेख्नु पर्दछ ।

### १.०७ संचालन मिति

उद्योग प्रतिष्ठानले जहिले देखि उत्पादन कार्य सुरु गरेको हो सो मिति यसमा खुलाउनु पर्नेछ ।

### १.०८ पोष्ट बक्स नं.

उद्योग प्रतिष्ठानको पोष्ट बक्स नम्वर भए सो यस महलमा खुलाउनु पर्दछ ।

### १.०९ फोन नम्बर

उद्योग प्रतिष्ठानले टेलिफोन राखेको भए उक्त टेलिफोन नम्बर यस महलमा खुलाउनु पर्दछ ।

### १.१० फ्याक्स

उद्योग प्रतिष्ठानले फ्याक्स राखेको भए सो यस महलमा खुलाउनु पर्दछ ।

### १.११ इमेल

उद्योग प्रतिष्ठानको इमेल ठेगाना भए सो यस महलमा खुलाउनु पर्दछ ।

### १.१२ सम्पर्क कार्यालयको ठेगाना

उद्योग प्रतिष्ठान संचालन हुने स्थान बाहेक अन्य ठाउँमा पनि सम्पर्क कार्यालय स्थापना भएको भए सो को ठेगाना यसमा उल्लेख गर्नु पर्नेछ ।

## २. सम्वन्धित समूह

दुई वा दुई भन्दा बढी उद्योग प्रतिष्ठानहरु एउटै मुख्य प्रशासनिक नियन्त्रण वा एउटै समूहद्धारा संचालन भएको उद्योगहरु यस समूह अन्तर्गत पर्दछ र समूहको नाम उल्लेख गर्नु पर्दा आफु सम्लग्न रहेको सम्बन्धित समूहको नाम लेख्नुपर्दछ । जस्तै :- नेपाल थाई फुड प्रोडक्सन प्रा.लि ले चाउचाउ उत्पादन गर्दछ र यो उद्योग चोधरी ग्रुप अफ ईन्डष्ट्रिजबाट संचालित भएको हुनाले समुहको नाम उल्लेख गर्दा चोधरी ग्रुप अफ ईन्डष्ट्रिज लेख्नुपर्दछ ।

## ३. वैधानिक स्थिति

वैधानिक स्थिति भन्नाले उद्योग प्रतिष्ठान स्थापना र संगठित गर्दा तोकिएको स्वरूपको कानूनी आधार सम्झनु पर्दछ । यसरी विभिन्न प्रकारको वैधानिक स्थितिमा भएको प्रचलित स्वरूपको कानूनी आधारको परिभाषा तल दिएइएको छ ।

### ३.०१ व्यक्तिगत

कुनै एक व्यक्तिले एकलौटी रूपमा आफ्नो पूँजी लगानी गरी नाफा नोक्सानी आफैले व्यहोर्ने गरेर संचालन गरिएका उद्योग प्रतिष्ठानहरूलाई व्यक्तिगत प्रतिष्ठान मानिनेछ ।

### ३.०२ साझेदारी

दुई वा दुई भन्दा बढी व्यक्तिहरूले संयुक्त रूपमा कम, बढी वा समान पूँजी लगानी गरी नाफा नोक्सानी सगोलमा सोही अनुपातमा व्यहोर्ने भनेर गरिएको सम्झौताको आधारमा प्रचलित साझेदारी ऐन २०२० बमोजिम खोलिएको उद्योग प्रतिष्ठानलाई साझेदारी मानिनेछ ।

### ३.०३ प्राइभेट लिमिटेड

प्राइभेट लिमिटेड भन्नाले उद्योग प्रतिष्ठानको शेयर र डिवेन्चर (ऋणपत्र) शेयरवाला बाहेक जस्ले पनि खरिद विक्री गर्न नपाउने र प्रबन्धपत्र, नियमावली वा सर्वसम्मत सम्झौतामा व्यवस्था गरेकोमा बाहेक आफ्नो धितोपत्र आफ्नै शेयरवालाहरू बाहेक अन्य व्यक्तिलाई धितोवन्धक राखी वा कुनै किसिमले हक छाड्न नहुने गरि बढीमा ५० जना सम्म मिली कम्पनी ऐन २०५३ अनुसार स्थापित भएको उद्योगलाई सम्झनु पर्दछ । यस्ता प्रतिष्ठानहरूको नामको पछाडी “प्राइभेट लिमिटेड” वा “प्रा.लि.” भन्ने शव्द जोडिएको हुन्छ । जस्तै फुड क्यानिंग इण्डष्ट्रिज प्रा.लि. ।

### ३.०४ पब्लिक लिमिटेड

उद्योग प्रतिष्ठानको हिस्सा सर्वसाधारण जसले पनि खरिद विक्री गर्न र हिस्सेदार सदस्यहरूको मन्जुरी वेगर पनि एक अर्काको नाममा आफ्नो हिस्सा नामसारी गर्न पाइने कम्पनी ऐन २०५३ बमोजिम कम्तीमा सात जना मिलेर खोलेको उद्योग प्रतिष्ठानलाई पब्लिक लिमिटेड उद्योग मान्नु पर्दछ । यस्ता उद्योग प्रतिष्ठानहरूको नामको पछाडी साधारणतया “लि” अथवा “लिमिटेड” भन्ने शव्द जोडिएको हुन्छ । जस्तै बिराटनगर जुट मिल्स लिमिटेड, रघुपति जुट मिल लिमिटेड, विरगंज चिनी कारखाना लि. आदि ।

### ३.०५ अन्य

माथि उल्लेखित वैधानिक स्थिति वा कानूनी आधार बाहेक अरु कुनै प्रकारले संगठित भएको प्रतिष्ठानको वैधानिक स्थिति वा कानूनी आधार खुलाउनु परे त्यसलाई अन्यमा खुलाउनु पर्दछ । जस्तै सहकारी, गुठी

## ४. स्वामित्व

स्वामित्व भन्नाले उद्योग प्रतिष्ठानको सम्पूर्ण पूँजी र त्यसको उत्पादनको स्वामित्वको आधारलाई बुझ्नु पर्दछ ।

### ४.०१ श्री ५ को सरकार

श्री ५ को सरकारद्वारा पूर्ण सरकारी स्वामित्वको आधारमा स्थापना गरिएको वा श्री ५ को सरकारसँग भएको सहयोग सम्झौता अन्तर्गत विदेशी सरकारहरूद्वारा स्थापना गरेर श्री ५ को सरकारकै पूर्ण स्वामित्व हुने गरी हस्तान्तरण गरिएका वा श्री ५ को सरकार वा श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्थाहरूलाई मात्र कम्पनीको शेयर विक्री हुने गरी श्री ५ को सरकारले स्थापना गरेका र त्यस्को नाफा-नोक्सान श्री ५ को सरकारले नै व्यहोर्ने गरी संचालन भएका उद्योग प्रतिष्ठानहरूलाई श्री ५ को सरकारको स्वामित्व भएको उद्योग मानिनेछ । जस्तै :- जनकपुर चुरोट कारखाना, उदयपुर सिमेण्ट कारखाना आदि ।

### ४.०२ स्वदेशी (निजी)

एकलौटी, संगोल वा संयुक्त रूपमा, श्री ५ को सरकारको वा विदेशी पूँजी नलगाई, पूर्ण निजी क्षेत्रको पूँजीबाट नेपाली नागरिक या कम्पनीद्वारा संचालन गरिएको उद्योग प्रतिष्ठानलाई निजी स्वामित्व भएको उद्योग मानिनेछ ।

### ४.०३ विदेशी (निजी)

कुनै विदेशी नागरिक या कम्पनीको पूँजीद्वारा मात्र संचालन गरिएका उद्योग प्रतिष्ठानहरूलाई विदेशी स्वामित्व भएको उद्योग प्रतिष्ठान मानिनेछ । जस्तैः डावर नेपाल ।

### ४.०४ श्री ५ को सरकारसँग संयुक्त

नेपाली वा विदेशी नागरिक वा कम्पनीको निजी पूँजी र श्री ५ को सरकारको पूँजी मिलाएर खोलिएको वा श्री ५ को सरकार समेत हिस्सेदार भई संचालन भएको कुनै पनि उद्योग प्रतिष्ठानलाई श्री ५ को सरकारसँग संयुक्त स्वामित्व भएको भन्ने बुझ्नु पर्नेछ । श्री ५ को सरकार र विदेशी सरकारको संयुक्त स्वामित्वको आधारमा संचालित भएका उद्योग प्रतिष्ठानहरू भए पनि यसैमा समावेश गर्नु पर्नेछ ।

### ४.०५ स्वदेशी (निजी) र विदेशी (निजी)

यस अन्तर्गत स्वदेशी (निजी) र विदेशी (निजी) पूँजी मिलेर खोलिएका उद्योग प्रतिष्ठानहरू पर्दछन ।

### ४.०६ अन्य

माथि उल्लेखित बाहेक अन्य कुनै स्वामित्वको आधारमा संचालित उद्योग प्रतिष्ठानलाई यसमा खुलाउनु पर्दछ ।

## ५. प्रमुख उत्पादन

उद्योग प्रतिष्ठानले उत्पादन गर्ने वस्तुहरू एक वा सो भन्दा बढी हुन सक्तछन् । यस्तो अवस्थामा एउटा मात्र बस्तु उत्पादन गर्ने उद्योग भए सो बस्तुको नाम र विभिन्न वस्तु उत्पादन गर्ने उद्योगको हकमा सो उद्योगले उत्पादन गर्ने वस्तुहरू मध्ये जुन वस्तुको कुल मोल अरु वस्तुहरू भन्दा बढी हुन जान्छ त्यस वस्तुलाई प्रमुख उत्पादित वस्तु मानी यस महलमा उल्लेख गर्नु पर्दछ र अन्य उत्पादीत वस्तुहरुलाई कूल मोलको आधारमा क्रमानुसार अन्य उत्पादनमा उल्लेख गर्नु पर्दछ ।

## ६. रोजगार सम्बन्धी विवरण

यस शिर्षक अर्न्तगत उद्योगपति, सक्रिय साझेदार र परिवारको सदस्य वा तलब नलिने अन्य व्यक्ति तथा उद्योग प्रतिष्ठानमा काम गरे वापत नियमानुसार तलव, ज्याला, पारिश्रमिक नगदी वा जिन्सी पाउने व्यक्ति (कामदारहरू) पर्दछन । कामदारको संख्या उल्लेख गर्दा २०५८ माघ १ गतेको दिन उत्पादनशिल, प्रशासकिय र प्राविधिक कार्यमा संलग्न व्यक्तिहरुको छुट्टा छुट्टै संख्या उल्लेख गर्नु पर्दछ । कुनै कारणवश सो दिन उद्योग प्रतिष्ठान बन्द रहेको भए त्यसपछि लगत्तै खुलेको पहिलो दिनको कामदार संख्या लेख्नु पर्दछ । छोटो अवधिको विदा, विरामी विदा, घर विदा आदि लिएको व्यक्ति लाई समेत यस शिर्षक अन्तर्गत समावेश गर्नु पर्दछ । ठेक्का वा अन्य शर्तमा उद्योग प्रतिष्ठानकै कच्चा पदार्थ उनीहरुले आफ्नो घरबाट शर्त अनुसारको काम सम्पन्न गर्ने कामदारहरुलाई यस्मा समावेश गरिदैन् । किनकि ती कामदारहरु उद्योग प्रतिष्ठानका वास्तविक कामदार हैनन् । ती काम सम्पन्न गरे वापतको. रकम महल नं.८.०१ मा उल्लेख गर्नु पर्दछ ।

कामदारको तलब तथा सुविधा भन्नाले उद्योग प्रतिष्ठानमा काम गरे वापत नियमानुसार नगदी जिन्सी वा अन्य रुपमा पाउने सुविधाहरु हुन । कामदारहरुले आफ्नो काम गरेको प्रत्येक महिना वा तोकेको अवधि वमोजिम निश्चित समयमा तलब ज्याला पाउने हुन्छन । तलब ज्याला खुलाउँदा सापटी र संचय कोष कट्टी गर्नु भन्दा अघिको रकम उल्लेख गर्नु पर्दछ । जस्तै कुनै कामदारको मासिक तलब रु. ३०००।- छ तर उसले तलब बुझ्दा १० प्रतिशत संचय कोष कटाएर जम्मा रु.२७००।- मात्र प्राप्त गर्छ भने उसको तलब खुलाउने महलमा मासिक रु.३०००।- को दरले वर्षको रु.३६०००।- हुन्छ । तर यस महलमा लेख्दा रु.३६०००।- नलेखी ३६ मात्र लेख्नु पर्दछ ।

कामदारहरुले काम गरे वापत तलब ज्यालाको अतिरिक्त अन्य सुविधाहरु पनि पाउन सक्दछन् । कामदारहरुलाई तलब ज्यालामा समावेश नगरी दिइएका अन्य सबै नगदी वा जिन्सी भुक्तानीलाइ सुविधामा समावेश गरिन्छ । जस्तै कामदारलाई दिइएको आवाश सुविधा, लत्ता-कपडा सुविधा, जिन्सी सुविधा, उपचार सुविधा, सवारी साधन सुविधा, कामदार दुर्घटना विमा,उपदान, बच्चाहरुको लागि गरिएका शैक्षिक खर्च आदि सुविधाहरु लाई सम्वन्धित महलहरुमा वार्षिक एकमुष्ट रकम उल्लेख गर्नु पर्दछ ।

### ६.०१ उद्योगपति तथा सक्रिय साझेदार

पारिश्रमिक नलिईकन उद्योग प्रतिष्ठानको कार्यमा सक्रिय रूपले संलग्न रहने उद्योगपति तथा साझेदारहरूको संख्या लिङ्ग अनुसार नेपाली पुरुष भएमा नेपाली पुरुषको संख्या भएको महलमा, नेपाली महिला भएमा नेपाली महिलाको संख्या भएको महलमा उल्लेख गर्नु पर्दछ । यदि विदेशी पुरुष तथा महिला भएमा सोही अनुसारको महलमा उल्लेख गर्नु पर्दछ ।

### ६.०२ परिवारका सदस्य वा अन्य व्यक्ति

कुनै पनि प्रकारको पारिश्रमिक नलिई हप्ताको कम्तिमा १६ घण्टा (साधारणतया काम गरिने समयको एक तिहाई) काम गर्ने गरि उद्योगपति तथा साझेदारका परिवारका सदस्य यदि उद्योग प्रतिष्ठानको कार्यमा संलग्न भएका रहेछन भने तिनीहरूको संख्या लिङ्ग अनुसार नेपाली पुरुष भएमा नेपाली पुरुषको संख्या भएको महलमा र नेपाली महिला भए नेपाली महिलाको संख्या भएको महलमा उल्लेख गर्नु पर्दछ । विदेशी पुरुष भए विदेशी पुरुषको संख्या भएको महलमा र विदेशी महिला भए विदेशी महिलाको संख्या भएको महलमा उल्लेख गर्नु पर्दछ ।

### ६.०३ उत्पादनशील कामदार

उत्पादनशिल कामदार भन्नाले उद्योग प्रतिष्ठानको उत्पादनको कार्यमा सिधै संलग्न कामदारहरू भन्ने बुझिन्छ । ठेक्का वा अन्य शर्तमा प्रत्यक्ष रूपमा उत्पादनसँग सम्बद्ध कामदारहरू पनि यसै महल अन्तर्गत आउँछन् । साधारणतया उत्पादनशील कामदार भन्नाले मेशिन अपरेटर, मिस्त्री, उत्पादन नियन्त्रक तथा उत्पादन कार्यमा प्रत्यक्ष रूपमा सघाउ पुऱ्याउने प्याकर्स  आदि बुझिन्छ । उत्पादनशील कामदारको संख्या उल्लेख गर्दा नेपाली तथा विदेशी संख्या छुट्याई लिङ्ग अनुसार सम्बन्धित महलमा भर्नु पर्दछ । नेपाली तथा विदेशी उत्पादनशिल कामदारहरुको तलव उल्लेख गर्नु पर्दा लिङ्गअनुसार कामदारले पाउने  तलव तथा ज्याला सम्वन्धित महलमा उल्लेख गर्नु पर्दछ र सुविधाहरु उल्लेख गर्नु पर्दा तलव वाहेक प्राप्त गरेको अन्य रकम सम्वन्धित महलमा उल्लेख गर्नु पर्दछ

६.०४ **प्रशासकिय**

उद्योग प्रतिष्ठानको प्रशासन सम्बन्धी लेखापढी गर्ने, बहिखाता राख्ने तथा व्यवस्थापनसँग संलग्न रहेका कर्मचारीहरू प्रशासकिय कामदार अन्तर्गत पर्दछन्  । प्रशासकिय कामदारको संख्या उल्लेख गर्दा नेपाली वा विदेशी कामदार छुट्याई लिङ्ग अनुसार सम्बन्धित महलमा भर्नुपर्दछ । नेपाली पुरुष भए नेपाली पुरुषको संख्या भएको महलमा र नेपाली महिला भए नेपाली महिलाको संख्या भएको महलमा तथा विदेशी पुरुष तथा महिला भएमा सोही अनुसारको महलमा उल्लेख गर्नु पर्दछ । प्रशासकिय कामदारहरुको तलव तथा सुविधा उल्लेख गर्नु पर्दा तलव तथा ज्याला तलव भएको महलमा र सुविधा लेखिएको महलमा तलव वाहेक प्राप्त गरेको अन्य रकम नेपाली तथा विदेशी कामदार लिङ्गअनुसार छुट्टयाई सम्वन्धित महलमा उल्लेख गर्नु पर्दछ ।

६.०५ **प्राविधिक**

कुनै विशेष तालिम वा दक्षता प्राप्त गरेका कर्मचारीहरूलाई प्राविधिक कामदार अन्तर्गत समावेश गर्नु पर्दछ । इन्जिनियर, डाक्टर, डिजाइनर, केमिष्ट, ओभरसियर आदि प्राविधिक कामदारका उदाहरण हुन् । औपचारिक तालिम प्राप्त नगरिकन नै यदि कुनै उद्योग प्रतिष्ठानले आफ्ना कर्मचारीहरूलाई प्राविधिक भनी तोकेको छ भने त्यस्ता कर्मचारीहरूको संख्या यस महल अन्तर्गत उल्लेख नगरी कर्मचारीको काम अनुसार सम्बन्धित महलमा नेपाली तथा विदेशी संख्या र लिङ्ग छुट्याई भर्नुपर्दछ । नेपाली पुरुष भए नेपाली पुरुषको संख्या भएको महलमा र नेपाली महिला भएमा नेपाली महिलाको संख्या भएको महलमा र विदेशी पुरुष तथा महिला भएमा सोही अनुरुप सम्वन्धित महलमा उल्लेख गर्नु पर्दछ । प्राविधिक कामदारहरुको तलव उल्लेख गर्नु पर्दा उनिहरुले पाउने तलव नेपाली तथा विदेशी कामदारहरुको लिङ्ग अनुसार सम्वन्धीत महलमा लेख्नु पर्दछ र सुविधाहरु उल्लेख गर्नु पर्दा कामदारले प्राप्त गरेको तलव तथा ज्याला वाहेकको रकम  उल्लेख गर्नु पर्दछ ।

६. **जम्मा**

प्रत्येक महलमा उल्लेखित अंक जोड्दा हुन आउने अंक सम्वन्धीत महलमा लेख्नु पर्दछ ।

## ७. इन्धन, पानी तथा विद्युत शक्तिको उत्पादन, खरिद र विक्री

उद्योग प्रतिष्ठानले ताप-शक्ति वा विद्युत उत्पादनको प्रयोजनका लागि खरिद गरेको इन्धन यस अन्तर्गत पर्दछ । यातायातका साधनको निम्ति प्रयोग हुने इन्धन समेत यसमा पर्दछ । तर बस्तु उत्पादन गर्ने क्रममा  कच्चा  पदार्थका रूपमा प्रयोग हुने इन्धन यस अन्तर्गत पर्दैन । यसमा उद्योग प्रतिष्ठानले उपभोगका लागि खरीद गरेको इन्धनको

परिमाण र मोल सम्बन्धित लहरको उपयुक्त महलमा उल्लेखित ईकाई अनुसार लेख्नुपर्दछ । जस्तै दाउरा खरीद गरेको रहेछ भने ७.०१ को २ नम्बरमा परिमाण क्वीन्टलमा र ३ नम्बरमा कुल मोल लेख्नु पर्दछ । यसमा उल्लेखित बाहेक अरु इन्धन भएमा त्यस्तो सबै इन्धनको मोल जम्मा गरी एक मुष्ट रकम अन्य शिर्षकको उपयुक्त महलमा लेख्नुपर्दछ । जस्तो मोविल, ग्रिज, भुस आदि खरीद गरेको रहेछ भने ७.११ को ३ नम्बर महलमा एक मुष्ट रकम रु. हजारमा लेख्नु पर्दछ ।

उद्योग प्रतिष्ठानले उत्पादन प्रयोजनको निम्ति प्रयोग गरेका पानीको परिमाण महल नम्वर ७.०७ को २ मा र सो वापतको महसुल महल नम्वर ७.०७ को ३ मा लेख्नु पर्दछ ।

विद्युत खरीदको हकमा कुनै उद्योग प्रतिष्ठानले वर्ष भरीमा ( आर्थिक वर्षमा) खरिद गरेको विद्युत शक्ति, खरिद गरे वापत लागेको मोल यस महलमा लेख्नु पर्दछ । उदाहरणको लागि उद्योग प्रतिष्ठानले विद्युत प्राधिकरणबाट विद्युत शक्ति जडान गरी उद्योग सन्चालन गर्दा वर्ष भरिमा भएको खरिद यूनिट ७.०८ को महल नम्बर २ मा र सो वापतको रकम ७.०८ को महल नम्बर ३ मा समावेश गर्नु पर्दछ । तर यदि उद्योग प्रतिष्ठानले आफैले जेनेरेटर राखी विद्युत उत्पादन गरी आफ्नै लागि मात्र प्रयोग गरेको रहेछ भने सो विद्युत शक्तिको परिमाणको युनिट मात्र ७.०९ को २ नम्बर महलमा लेख्नु पर्दछ ।

कुनै उद्योग प्रतिष्ठानले विद्युत शक्ति आफैले उत्पादन गरी अन्य कसैलाई विक्रि वितरण गर्छ भने त्यस वापत परिमाणको युनिट ७.१० को महल नम्वर २ मा र रकम एकमुष्ट ७.१० को महल नम्वर ३ मा लेख्नु पर्दछ । यदि उद्योग प्रतिष्ठानले अन्य इन्धन खरिद गरेको भए सो वापतको एक मुष्ट रकम मोल रु. हजारमा महलन नं. ७.११ (३) उल्लेख गर्नु पर्दछ ।

## ८. औद्योगिक सेवा वापत खर्च

### ८.०१ उद्योग प्रतिष्ठानको मालको उपयोग गरेर अरुले ठेक्कामा काम गरिदिए वापत

यस महल अन्तर्गत उद्योग प्रतिष्ठान कै मालको उपयोग गरेर अरुले कुनै काम गरी दिएको रहेछ भने काम गरी दिए वापत भुक्तानी दिएको रकम यसमा उल्लेख गर्नुपर्दछ । तर उद्योग प्रतिष्ठानले दिएको कच्चा पदार्थको मोल भने यसमा समावेश गर्नु हुँदैन । उदाहरणको लागि : वौद्ध ह्याण्डी क्राफ्ट सेन्टर प्रा. लि. ले कुनै कार्पेट उद्योग जस्तो कुमारी कार्पेट उद्योगलाई आफ्नो धागो दिई कार्पेट बुन्न लगाएको रहेछ भने त्यस बापत वौद्ध क्राफ्ट सेन्टरले कुमारी कार्पेट उद्योगलाई तिरेको रकम यस महलमा खुलाउनु पर्दछ ।

### ८.०२ सालबसाली मर्मत सम्भार(अरुलाई गर्न दिए वापत)

सन्दर्भ वर्ष भित्र उद्योगको भवन, मेसिन र उपकरणहरू लगायतका अन्य स्थायी सम्पत्तिहरूमा सानातिना टुटफुट भै मर्मत गर्दा सो वापत भुक्तानी गरिएको रकम यस महलमा खुलाउनु पर्दछ ।

### ८.०३ खरिद गरेको हालतमा विक्री हुने वस्तु वापत

त्यस्ता सामानहरू जसलाई पुनः उत्पादन क्रममा नलगिकन खरिद गरेको हालतमा विक्री गर्ने उद्देश्यले खरिद गरी राखिएको हुन्छ भने त्यसलाई खरिद गरेको हालतमा विक्री हुने बस्तु भनिन्छ । यस्ता बस्तुहरू खरिद गरेकै हालतमा विक्री गर्ने उद्देश्य हुन्छ ।

उपरोक्त उद्देश्य अनुरूप खरिद गरिएको बस्तुको हकमा कुनै उद्योग प्रतिष्ठानले जस्तै धान, कार्पेट बुन्ने धागो, काठ इत्यादी बस्तुहरू जे जस्तो अवस्थामा खरिद गरिएका छन् सोही अवस्थामा विक्री गर्ने उद्देश्य राखी खरिद गरेका रहेछन् भने ती खरिद गरिएको बस्तुहरूको रकम ८.०३ मा उल्लेख गर्नुपर्दछ ।

८. **जम्मा**

महल नं. ८.०१ देखि ८.०३ अन्तरगत पर्ने सबै रकमहरू जोड्दा हुन आउने अंकलाई यस महलमा उल्लेख गर्नु पर्दछ ।

## ९. कच्चा पदार्थको खरिद र परिमाण

उद्योग प्रतिष्ठानले उत्पादित बस्तु तयार पार्ने सिलसिलामा प्रयोग गरेको पदार्थहरूलाई कच्चा पदार्थ भनिन्छ । विभिन्न उद्योग प्रतिष्ठानको कच्चा पदार्थ आ-आफ्नो उत्पादन अनुसार भिन्दा भिन्दै हुन सक्दछ । साथै कुनै बस्तु उत्पादन गर्नको लागि धेरै किसिमका कच्चा पदार्थ प्रयोग गरिएको पनि हुन सक्दछ । उदाहरणको लागि :- चामल कुट्ने मिलको निमित्त धान कच्चा पदार्थ हो भने चुरोट कारखानाको निम्ति चुरोट उत्पादन गर्दा प्रयोग हुने सुर्ति र कागज समेत कच्चा पदार्थको रूपमा लिन सकिन्छ ।

बस्तुको विवरण खुलाउँदा लहर ९.०१ देखि ९.१० सम्ममा खरिद गरेको मुख्य मुख्य कच्चा पदार्थहरूको नाम क्रमानुसार उल्लेख गनुपर्दछ । यसरी क्रम छुट्याउँदा सबभन्दा बढी मात्रामा मोल भएको कच्चा पदार्थलाई नं. ९.०१ मा र त्यसपछि क्रमानुसार अरु कच्चा पदार्थ लेख्दै जानुपर्दछ । उक्त लहरसँग सम्बन्धित इकाईको महलमा खरिद गरिएको परिमाणको इकाई (जस्तैः के.जी., लिटर आदि) खुलाउनु पर्दछ । खरिद गरिएको मोल खुलाउँदा कच्चा पदार्थ खरिद गरी उद्योग प्रतिष्ठानसम्म ल्याउँदा लागेको ढुवानी खर्च तथा सो कच्चा पदार्थमा लागेको सम्पूर्ण करहरू (पैठारी महशुल, भ्याट पहिले नै लिने बस्तुमा मात्र र स्थानीय कर) समेत समावेश गरी खरिद मूल्य राख्नु पर्नेछ ।

माथि उल्लेखित लहरहरूमा समावेश हुन नसकेका सबै अन्य कच्चा पदार्थहरू खरिद गरिएको भए सो को एकमुष्ट रकम लहर ९.११ को सम्बन्धित महलहरुमा खुलाउनु पर्नेछ । हुलाक, महशुल, विज्ञापन, टेलिफोन महशुल, कानूनी सेवा जस्ता गैर औद्योगिक कार्यमा भएका खर्च यसमा समावेश गर्नु हुँदैन ।

लागत तथा उत्पादनको क्रममा भएको अन्य खरिद जस्तै एक वर्ष भन्दा बढी खपत नहुने सामान्य मेशिनरी, पाटपुर्जा, वस्तु राख्ने कन्टेनर, प्याक गर्नको लागि प्रयोग हुने सामान आदि खरीद गरिएको भए सोको एकमुष्ट रकम ९.११ मा उल्लेख गर्नु पर्दछ ।

कच्चा पदार्थ खरिदको परिमाण र मोल उल्लेख गर्दा वार्षिक खरिद परिमाणको साथै उक्त खरिद स्वदेशबाट गरिएको, भारतबाट गरिएको तथा तेश्रो मुलुकबाट गरिएकोमा कहाँबाट गरिएको हो सोको परिमाण र मोल छुट्टाछुट्टै सम्बन्धित महलमा खुलाउनु पर्दछ ।

९. **जम्मा**

यसमा प्रत्येक बस्तुको महल ४, ६, ८ मा लेखिएको रकमहरूको जोड गरी हुन आउने रकम लेख्नु पर्दछ ।

## १०. उत्पादन र उत्पादित बस्तुको विक्री

उत्पादन भन्नाले उद्योग प्रतिष्ठानले आफ्नो पदार्थको प्रशोधन, रूपान्तर गरी तयार गरेको बस्तुलाई सम्झनु पर्दछ । उद्योग प्रतिष्ठानको

कच्चा पदार्थको प्रयोग गरी अरुबाट तयार पारिएको बस्तुलाई पनि यसैमा समावेश गर्नु पर्दछ। साथै अर्ध तयारी बस्तु विक्री गरेको भएमा सो को विवरण पनि सम्बन्धित महल १०.११ को अन्यमा उल्लेख गर्नु पर्नेछ। यस प्रकार उत्पादित बस्तुहरूको विवरण लेख्दा लहर १०.०१ देखि १०.१० सम्ममा उत्पादन गरेको मुख्य मुख्य उत्पादनहरूको नाम उल्लेख गर्नु पर्दछ। यसरी क्रम छुट्याउँदा सबभन्दा बढी मात्रामा (मोलको आधारमा) उत्पादन गरेको बस्तुलाई नं. १०.०१ मा र त्यसपछि क्रमानुसार अरु उत्पादित बस्तुहरू लेख्दै जानु पर्दछ। उक्त लहरहरूसँग सम्बन्धित इकाईको महलमा उत्पादन गरिएको परिमाणको इकाई (जस्तो के.जि., लिटर आदि) समेत खुलाउनु पर्दछ।

यसै गरी उत्पादित बस्तु मध्ये विक्री गरिएको बस्तुको परिमाण र मोल खुलाउँदा भारतमा र तेस्रो मुलुकमा विक्री गरेको भएमा विक्री गरेको परिमाण र मोललाई अलग अलग सम्बन्धित महलहरूमा खुलाउनु पर्दछ। नेपाल भित्र विक्री भएको बस्तुहरूको परिमाण र मोललाई स्वदेशमा भन्ने शिर्षक अन्तर्गतको महलमा उल्लेख गर्नुपर्दछ। उत्पादित बस्तुको विक्री मोल उल्लेख गर्दा बस्तुहरूलाई उद्योग प्रतिष्ठानको कम्पाउण्ड बाहिर लैजानुअघि लागेका सम्पूर्ण करहरू समेत समावेश गरी उत्पादित बस्तुको मूल्य लेख्नु पर्नेछ।

कच्चा पदार्थ खरीद गरी सो को प्रशोधन नगरी पहिलाकै अवस्थामा (खरिद गरेकै अवस्थामा) विक्रि गरेको खण्डमा उत्पादन तथा उत्पादित बस्तुको विक्री महलको अन्य (१०.११) मा उल्लेख गर्नु पर्दछ।

## १०. जम्मा

यसमा प्रत्येक उत्पादित बस्तुको महल ४, ६ र ८ मा उल्लेख गरिएका रकमहरूको जोड गरी हुन आउने रकम लेख्नु पर्दछ।

## ११. औद्योगिक सेवाबाट प्राप्त रकम

### ११.०१ ठेक्का वा अन्य शर्तमा उनीहरूको लागि उनीहरूकै बस्तुमा काम गरी दिए वापत

ठेक्का वा अन्य शर्तमा अरुको कच्चा पदार्थहरूलाई प्रशोधन, रूपान्तर वा उत्पादन गरी दिए वापत प्राप्त भएको रकम यस महलमा लेख्नुपर्दछ। जस्तो : लिलि गार्मेन्ट इण्डष्ट्रि प्रा. लि. ले फेशन एपेरल्स इण्डष्ट्रि प्रा. लि. को निम्ति उसैको कपडा लिई रङ्गाउने वा अर्ध तयारीलाई पूर्ण तयारी अवस्थामा लैजाने जस्ता कार्य गरे वापत कुनै रकम प्राप्त गरेको छ भने सो रकम लिलि गार्मेन्टस्ले यस महलमा खुलाउनु पर्दछ।

### ११.०२ मर्मत तथा सम्भार (अरुको निमित्त गरिदिए वापत)

सन्दर्भ वर्ष भित्र कुनै अन्य उद्योग प्रतिष्ठानको लागि भवन, मेशिन र उपकरणहरू लगायतका अन्य स्थायी सम्पत्तिहरूमा साना तिना टुटफुट भै मर्मत सम्भार गरी दिएको भए त्यस वापत प्राप्त रकम यस महलमा लेख्नु पर्दछ।

उदाहरणको लागि कुनै उद्योग प्रतिष्ठानको मेशिन बिग्रिएको रहेछ भने सो मेशिनलाई कार्यावस्थामा ल्याउन नट बोल्ट फेर्ने, साना तिना पार्ट पूर्जा फेर्ने, मेशिन सफा गर्ने जस्ता कार्यहरू गरिदिए वापत रकम प्राप्त भएको छ भने सो प्राप्त रकम महल ११.०२ मा उल्लेख गर्नु पर्दछ।

११.०३ **खरीद गरेको हालतमा विक्री हुने बस्तुबाट प्राप्त रकम**

खरिद गरेको हालतमा विक्रीहुने वस्तु बिक्री गरिएको भए यस्ता बस्तु बिक्री गर्दा प्राप्त हुन आएको रकमलाई यस महलमा राख्नु पर्दछ ।

११. **जम्मा**

यस महलमा सम्पूर्ण औद्योगिक सेवावाट प्राप्त रकम जम्मा गरी हुन आउने रकम उल्लेख गर्नु पर्दछ ।

## १२. मौज्दात

१२.०१ **कच्चा पदार्थ आदि**

यस अन्तर्गत वस्तु उत्पादन गर्ने क्रममा प्रयोग हुने सबै प्रकारका कच्चा पदार्थहरू, अन्य, कन्टेनर, प्याक गर्नको लागि प्रयोग हुने सामान, स्टेशनरी पोलिशिङका सामान आदि पर्दछन् । यसको साथै उद्योग प्रतिष्ठानको आफ्नै प्रयोगको लागि गरिने निर्माण, मर्मत कार्य आदिमा प्रयोग हुने कच्चा पदार्थ अन्यमा समेत समावेश गर्नु पर्दछ । कच्चा पदार्थ आदिको मौज्दात भन्नाले सन्दर्भ वर्षको शुरुमा तथा अन्त्यमा रहेको मौज्दातको मोल १२.०१(१) र १२.०१ (२) महलमा लेख्नु पर्दछ ।

१२.०२ **इन्धन**

उद्योग प्रतिष्ठानले उपभोग गरी बाँकी रहेको इन्धन (पत्थर कोइला, दाउराहरू आदि) भएमा त्यस्तो इन्धनको एक मुष्ट मोल सन्दर्भ वर्षको शुरुको मौज्दात १२.०२ (१) मा र अन्त्यको १२.०२(२) मा लेख्नु पर्दछ ।

१२.०३ **अर्ध तयारी बस्तु**

अर्ध तयारी बस्तु भन्नाले उद्योग प्रतिष्ठानको तयारी माल उत्पादन गर्दा पूर्ण तयारी नभई केही अंश तयारी गर्न बाँकी भएको र त्यसलाई पूर्णतः तयारी बनाउनको निमित्त उत्पादन क्रममा पुनः लैजानु पर्ने भएमा त्यस्तो बस्तुलाई अर्ध उत्पादित बस्तु सम्झनु पर्दछ । जस्तै : चिनी मिलमा उखुको रस, चामल कुट्ने मिलमा ननिफनेको चामल, फर्निचर उद्योगमा रंग रोगन नगरिएका वा अन्तिम रूप नदिइएका फर्निचर आदिलाई अर्ध तयारी बस्तु भनिन्छ । अतः यस्ता बस्तुको मौज्दातको मोल लेख्दा सन्दर्भ बर्षको शुरुमा रहेको मौज्दात १२.०३ (१) मा र अन्त्यमा रहेको मौज्दात १२.०३(२) मा उल्लेख गर्नु पर्दछ ।

१२.०४ **तयारी बस्तु**

यस अन्तर्गत उद्योग प्रतिष्ठानले तयारी गरेको तयारी बस्तुको सन्दर्भ वर्षको शुरुमा रहेको मौज्दात र अन्त्यमा रहेको मौज्दात क्रमशः १२.०४(१) र १२.०४(२) मा उल्लेख गर्नु पर्दछ । तर अरुको स्वामित्वको तयारी बस्तुपनि मौज्दातमा रहेको भएमा त्यस्तो बस्तुको मोल यहाँ समावेश गर्नु हुँदैन । खरिद गरेको हालतमा विक्री गर्ने उद्देश्यले खरिद गरिएका तयारी बस्तुपनि यस अन्तर्गत पर्दैनन् ।

प्रश्नावली भर्ने उद्योग प्रतिष्ठानको कोरा माल प्रयोग गरी अन्य उद्योग प्रतिष्ठानले तयारी बस्तु उत्पादन गरी मौज्दात रहेको रहेछ भने सो मौज्दातको मोल त्यस उद्योग प्रतिष्ठानमा नराखी प्रश्नावली भर्ने उद्योग प्रतिष्ठानको सम्बन्धित महलमा राख्नु पर्दछ । जुन उद्योग प्रतिष्ठानको कच्चा पदार्थ हो उत्पादित बस्तुमा सोही प्रतिष्ठानको स्वामित्व हुन्छ ।

१२.०५ **खरीद गरेको हालतमा विक्री हुने बस्तु**

त्यस्तो सामान जसलाई पुनः उत्पादन क्रममा नलगिकन विक्री गर्ने उद्देश्यले खरिद गरिएकोमा विक्री नभई मौज्दातमा रहेको छ भने यस महल अन्तर्गत पर्दछ । यसको मोल लेख्दा खरिद गर्दा परेको मोल शुरुको १२.०५ (१) मा र अन्त्यको १२.०५(२) मा उल्लेख गर्नु पर्दछ ।

१२.०६ **अन्य**

यस महलमा स्थायी सम्पत्तिको निर्माणको क्रममा उद्योग प्रतिष्ठानमा मौज्दात रहेका वालुवा, सिमेन्ट, इटा इत्यादी को मूल्य खुलाउनु पर्दछ । यसलाई कूल मौज्दातमा समावेश गर्नु हुँदैन ।

१२. **कूल मौज्दात**

यस महलमा लहर १२.०१ देखि १२.०५ सम्मका सम्बन्धित महलहरू जोडी हुन आउने एक मुष्ट रकम राख्नु पर्दछ ।

## १३. गैर औद्योगिक सेवा वापतको खर्च

१३.०१ **घर, गोदाम, जग्गा तथा उपकरणहरू भाडामा लिई चलाएको भए सो वापत तिरेको रकम**

कुनै उद्योग प्रतिष्ठानले कुनै अन्य व्यक्ति, संस्था वा उद्योग प्रतिष्ठानको घर, गोदाम, जग्गा तथा उपकरणहरू भाडामा लिई चलाएको रहेछ भने सो वापत भुक्तानी गरेको रकम यस महलमा उल्लेख गर्नु पर्दछ ।

१३.०२ **यातायातको साधन भाडामा लिए वापत**

कुनै उद्योग प्रतिष्ठानले कुनै अन्य उद्योग, संस्था वा व्यक्तिको यातायातको साधन भाडामा लिए वापत तिरेको रकम यस महलमा लेख्नु पर्दछ ।

१३.०३ **उत्पादित बस्तुको ढुवानी खर्च**

उत्पादित वस्तु उत्पादन स्थल देखि भण्डार वा गोदाम रहेको स्थलसम्म ल्याउँदा वा उत्पादित वस्तु निर्धारित स्थान सम्म ढुवानी वापतको रकम यस अन्तर्गत समावेश गर्नुपर्दछ । वस्तु ढुवानी गर्दा उद्योगले आफ्नै यातायात साधन प्रयोग गरेको रहेछ भने त्यस्तो खर्च यस महलमा समावेश हुँदैन ।

१३.०४ **बिमा शुल्कहरू**

उद्योग प्रतिष्ठानले वस्तुहरूको उत्पादन र यसको वितरण पक्षसँग सम्बन्धित जुनसुकै शिर्षक अन्तर्गत विमा शुल्क भुक्तानी गरेको रहेछ भने त्यस्तो रकम यस महलमा लेख्नु पर्दछ तर कर्मचारी विमा शुल्क यस महलमा लेख्नु पर्दैन ।

१३.०५ **रोयाल्टी तिरेको रकम**

उद्योग प्रतिष्ठानले कुनै पनि अख्तियारवालाको लोगो (ट्रेडमार्क), फर्मुला, लाईसेन्स आदि प्रयोग गरे वापत तिरेको रकम र राष्ट्रिय सम्पत्ति जस्तै खानी, नदी (वालुवा, ढुङ्गा) आदि प्रयोग गरे वापत तिरेको रोयाल्टी रकम यस महलमा उल्लेख गर्नु पर्दछ ।

१३.०६ **हुलाक, टेलिफोन, टेलिग्राम, टेलेक्स,इमेल तथा इन्टरनेट खर्च आदी**

उद्योग प्रतिष्ठानले आफ्नो कार्यको सिलसिलामा भुक्तानी गरेको संचार सम्पर्क अन्तर्गत खर्च (जस्तो हुलाक, टेलिफोन, टेलेक्स,इमेल तथा इन्टरनेट खर्च आदि) यस महलमा लेख्नुपर्दछ ।

१३.०७ **छपाई एवं स्टेशनरी खर्च**

यस अन्तर्गत उद्योग प्रतिष्ठानले सन्दर्भ वर्ष भित्र भुक्तानी गरेको छपाई खर्चहरू (जस्तो विल, भौचर आदि स्टेशनरी सामानहरू खरिद गर्दा भुक्तानी गरिएको खर्चहरू) पर्दछन् ।

१३.०८ **सल्लाहकार तथा लेखा परिक्षण वापतको खर्च**

उद्योग प्रतिष्ठानले आफ्नो उद्योगसँग सम्बन्धित कुनै प्रकारको सल्लाहको (कानूनी, प्राविधिक आदि) निम्ति रकम भुक्तानी गरेको रहेछ भने त्यस्तो रकम र लेखा परिक्षण गराए वापतको रकम यस महल अन्तर्गत समावेश गर्नु पर्दछ ।

१३.९ **एजेण्टलाई दिएको कमिशन तथा व्यापार सहुलियत**

यदि कुनै उद्योग प्रतिष्ठानले आफ्नो उत्पादन विक्री वितरण गर्नको लागि एजेण्ट नियुक्त गरेको रहेछ भने त्यस्ता एजेण्टहरूलाई दिएको कुल कमिशन र व्यापार प्रवर्द्धनको सिलसिलामा सम्वद्ध व्यक्तिलाई व्यापार सहुलियत प्रदान गरेको रहेछ भने सो वापत हुने रकम पनि एक मुष्ट रूपमा यस महलमा उल्लेख गर्नु पर्दछ ।

१३.१० **प्रचार प्रसार तथा अन्य विक्री बढाउने खर्चहरू**

उद्योग प्रतिष्ठानले आफ्नो उत्पादित वस्तुहरूको विक्री बढाउनको लागि रेडियो, टेलिभिजन, पत्र पत्रिका आदिबाट विज्ञापन गराए वापत भुक्तानी दिएको रकमहरू यसमा उल्लेख गर्नुपर्दछ ।

१३.११ **भ्रमण खर्च**

उद्योग प्रतिष्ठानको नियमित कामको सिलसिलामा उद्योग प्रतिष्ठानको कर्मचारी वा अन्य कुनै व्यक्तिलाई भ्रमणमा पठाउँदा भुक्तानी दिइएको रकम एक मुष्ट यस महलमा उल्लेख गर्नु पर्दछ ।

१३.१२ **फोहर मैला व्यवस्थापन तथा प्रशोधन खर्च**

उद्योग प्रतिष्ठानवाट विभिन्न अवस्था र किसीमका फोहर मैलाहरु निस्कीन्छन । ति फोहर मैलालाई उचित ब्यवस्थापन र प्रशोधन गर्दा लाग्ने खर्च वार्षिक एक मुष्ट रु. हजारमा लेख्नु पर्दछ । तर फोहरमैला व्यवस्थापन सम्वन्धी कामगर्ने तलवी कामदारको तलव र एकवर्ष भन्दा वढी टिक्ने खालको वातावरण प्रशोधन उपकरणहरु यस महलमा जोड्नु हुँदैन । त्यस वापतको रकम सम्वन्धित शिर्षकहरु कामदारको तलव तथा सुविधा, स्थायी सम्पत्तिको विवरण आदीमा उल्लेख गर्नु पर्दछ ।

१३.१३ **अन्य खर्चहरू**

माथि गैर औद्योगिक सेवा वापतका खर्चका महलमा नपरेका अन्य खर्चहरू यस महलमा उल्लेख गर्नुपर्दछ । जस्तो अतिथी सत्कार, चन्दा, उपहार, पुरस्कार आदि ।

१३. **जम्मा**

यसमा प्रत्येक खर्चहरूको महल १ मा लेखिएको रकमहरूको जोड गरी हुन आउने रकम लेख्नु पर्दछ ।

## १४. अप्रत्यक्ष कर तिरेको

१४.०१ **भ्याट**

उद्योग प्रतिष्ठानले आफुले कच्चा पदार्थ तथा अन्य बस्तु खरिद गर्दा श्री ५ को सरकारलाई तिरेको भ्याट रकम १४.०१(१) मा र उत्पादित बस्तु तथा अन्य बस्तु विक्री गर्दा संकलन गरेको रकम १४.०१(२) मा उल्लेख गर्नु पर्दछ ।

१४.०२ **अन्तशुल्क**

उद्योग प्रतिष्ठानबाट उत्पादन हुने कतिपय बस्तुहरू माथि लाग्ने अन्तशुल्क कर वापत भुक्तानी दिएको रकम भए यस महलमा उल्लेख गर्नु पर्दछ ।

१४.०३ **पैठारी तथा निर्यात महसुल**

उद्योग प्रतिष्ठानहरूद्वारा भारत वा तेस्रो मुलुकबाट औद्योगिक कच्चा पदार्थ आयात वा पैठारी गरी नेपाल प्रवेश गर्दा र प्रतिष्ठानले उत्पादन गरेका उत्पादित वस्तुहरू स्वदेश वाहिर भारत लगायत अन्य मुलुकमा निकासी गर्दा तिर्नु पर्ने भन्सार महशुल तिरेको रहेछ भने यस महलमा जनाउने । (तर फिर्ता पाउनेहरूको हकमा सो रकम समावेश नगर्ने)

१४.०४ **अन्य अप्रत्यक्ष कर**

भ्याट, अन्तशुल्क, पैठारी महशुल बाहेक अन्य अप्रत्यक्ष कर वापत कुनै रकम भुक्तानी भएको भएमा त्यस्तो रकमलाई यस महलमा उल्लेख गर्नु पर्दछ ।

१४ **जम्मा**

महल नं. १४.०१ देखि १४.०४ अन्तर्गत सबै रकमहरू जोड्दा हुन आउने अंकलाई यस महलमा उल्लेख गर्नु पर्दछ ।

## १५. गैर औद्योगिक सेवाबाट प्राप्त रकम

१५.०१ **घर, गोदाम, जग्गा तथा उपकरणहरू भाडामा दिए वापत प्राप्त रकम**

यदि कुनै उद्योग प्रतिष्ठानले आफ्नो स्वामित्वमा रहेको घर, गोदाम, जग्गा तथा उपकरणहरू भाडामा दिएको रहेछ भने सो वापत प्राप्त रकम यस महलमा लेख्नु पर्दछ ।

१५.०२ **यातायातको साधन अरुलाई प्रयोग गर्न दिए वापत प्राप्त रकम**

यदि कुनै उद्योग प्रतिष्ठानले आफुसँग रहेको यातायातका साधन अन्य व्यक्ति वा उद्योगलाई भाडाको शर्तमा प्रयोग गर्न दिएको रहेछ भने सोबाट प्राप्त रकम यस महलमा लेख्नु पर्दछ ।

१५.०३ **एजेन्सी कमीशनबाट प्राप्त रकम**

यदि कुनै उद्योग प्रतिष्ठान कुनै व्यक्ति वा अन्य उद्योग प्रतिष्ठानको एजेण्ट भई काम गर्ने रहेछ भने त्यस्तो कार्यबाट प्राप्त कमिशन रकम यस महलमा लेख्नु पर्दछ ।

१५.०४ **सन्दर्भ वर्ष भरिमा निर्यात छुटबाट प्राप्त रकम**

यदि कुनै उद्योग प्रतिष्ठानले कच्चा पदार्थ, अर्ध तयारी र तयारी बस्तु निर्यात गर्ने क्रममा श्री ५ को सरकारबाट कुनै पनि प्रकारको छुट भएको रहेछ भने त्यस्तो छुटबाट प्राप्त रकम यस महलमा लेख्नु पर्दछ ।

१५.०५ **सन्दर्भ वर्ष भरिमा प्राप्त आर्थिक अनुदान**

यदि कुनै उद्योग प्रतिष्ठानले सन्दर्भ वर्ष भित्र कुनै पनि प्रकारका आर्थिक अनुदान प्राप्त गरेको रहेछ भने वर्ष भरिमा प्राप्त

गरेको त्यस्तो आर्थिक अनुदान जोडी यस महलमा उल्लेख गर्नुपर्दछ ।

१५.०६ **अन्य प्राप्त रकम**

माथि उल्लेखित शिर्षकहरू भन्दा बाहेकका अन्य कुनै रकम प्राप्त गरेको रहेछ भने त्यस्तो आम्दानी यस महलमा उल्लेख गर्नु पर्दछ । जस्तै  चन्दा, पुरस्कार ।

१५ **जम्मा**

महल नं. १५.०१ देखि १५.०६ अन्तर्गत सवै रकमहरू जोड्दा हुन आउने अंकलाई यस महलमा उल्लेख गर्नु पर्दछ ।

## १६. स्थायी सम्पत्तिको विवरण

स्थायी सम्पत्ति भन्नाले विक्री गरी फाइदा उठाउने उद्देश्य नलिई केवल उद्योग प्रतिष्ठानको उत्पादन, विक्री वितरण तथा तत्सम्बन्धी अन्य कार्य चलाउन जोड जम्मा गरिएका एक वर्ष भन्दा बढी खप्ने भौतिक बस्तुहरूलाई जनाउँछ र त्यस्ता वस्तुहरूको मुल्य सम्बन्धित महलमा रु. हजारमा उल्लेख गर्नु पर्दछ । स्थायी सम्पत्तिको खरिद मोल लेख्दा उक्त सम्पत्ति उद्योग प्रतिष्ठानसम्म ल्याई जडान गर्दा लागेको खर्च र कर महशुल आदि लागेकोमा सो समेत समावेश गरी एक मुष्ट  खुलाउनु पर्दछ ।  स्थायी सम्पत्तिको वर्गिकरण निम्न बमोजिम गरिएको छ ।

१६ (१) **जमीन**

कुनै पनि उद्योग प्रतिष्ठानले एक निश्चित कम्पाउण्ड भित्र उद्योग स्थापना गरि सन्चालन गरेको हुन्छ । उत्पादनको शिलशिलामा कम्पाउण्ड भित्र बनेका घर, गोदाम, भोजनालय, प्रशासनिक कार्यालय आदिले ओगटेको जमीन बाहेक अन्य बाँकी रहेको जमीनको मूल्य यस शिर्षक अन्तर्गत राख्नुपर्दछ । तर कच्चा पदार्थ उत्पादन गर्न प्रयोग गरिएको जमीनलाई यस उद्योग प्रतिष्ठानको स्वामित्वमा रहेको भए पनि यसमा समावेश गर्नु हुँदैन ।

१६ (२) **भवन तथा अन्य निर्माण**

यस अन्तर्गत उद्योग प्रतिष्ठानको कार्यको लागि प्रयोग भई रहेको भवनहरू (गोदाम घर, कार्यालय भवन, भण्डार, विश्राम घर र कर्मचारी आवासिय घर) र निर्माण भई रहेको भवनलाई समेत समावेश गर्नुपर्दछ । तर यसरी उल्लेखित भवन र निर्माण उद्योग प्रतिष्ठानको क्याम्प भित्र रहन आवश्यक छ । उद्योग प्रतिष्ठानले भाडामा वा बन्धकमा लिई राखेको भए त्यस्ता भवन यहाँ समावेश गर्नु हुँदैन । भवनहरूको मूल्यांकन गर्दा भवनहरू र भवनहरू खडा रहेको जमीनकोपनि मूल्यांकन गर्नुपर्छ ।

१६ (३) **मेशीनरी र अन्य उपकरण**

उत्पादन कार्यको लागि प्रयोग हुने उद्योग प्रतिष्ठानको स्वामित्वमा रहेको सवै किसिमका मेशीन, पार्टपूर्जा र मर्मत सम्भार गर्दा प्रयोग गरिने उपकरण यस शिर्षक अन्तर्गत पर्दछन् । उदाहरणको निमित्त क्रेन, अन्य यन्त्रहरू, टाइपराइटर, विद्युत मोटर, जेनेरेटर, प्राइम मुभर्स, कम्प्यूटर जस्ता सामानहरू यसमा समावेश गर्नु पर्दछ । तर भाडामा ल्याएका मेशीनरीका सामानहरू यस अन्तर्गत समावेश गर्नु हुँदैन ।

१६ (४) **यातायातका साधन**

उद्योग प्रतिष्ठानको स्वामित्वमा रहेका सबै आवागमन तथा ढुवानी गर्ने साधनहरूलाई यातायातका साधन सम्झनु पर्दछ । जस्तै ट्रक, बस, भ्यान, मोटरसाइकल, साईकल, रिक्सा, बग्गी र गाडा इत्यादि । तर भाडामा लिई राखेको यातायात साधनहरू यसमा समावेश हुँदैनन् ।

१६ (५) **फर्निचर तथा फर्निसिङ्ग**

यस अन्तर्गत उद्योग प्रतिष्ठानको उत्पादन र प्रशासनिक कार्यमा प्रयोग भई रहेका फर्निचर तथा अन्य सजावटका सामानहरु पर्दछन ।

१६ (६) **अन्य**

यस अन्तर्गत माथि उल्लेख नभएका अन्य स्थायी सम्पत्तिहरु जस्तै अदृश्य पूंजीहरु, कम्प्यूटर सफ्टवएर, मूल्यवान वस्तुहरु, प्याटेन्ट आदिको  मोल एकमुष्ट खुलाउनु पर्दछ ।

१६.०१ **सन्दर्भ वर्षको शुरुमा रहेको स्थायी सम्पत्तिको लागत**

सन्दर्भ वर्षको शुरुमा उद्योग प्रतिष्ठानमा रहेको स्थायी सम्पत्ति अन्तर्गत पर्ने जमीन, भवन र अन्य निर्माण, मेशिन, फर्निचर, अन्य उपकरण र यातायातका साधनको लागत सम्बन्धित महलमा लेख्नु पर्दछ। जस्तै जमीनको मूल्य लेख्नु पर्‍यो भने १७.०१(१) मा लेख्नु पर्दछ ।

१६.०२ **नयाँ सम्पत्ति थप गरिएको भए सो को लागत**

“स्थायी सम्पत्तिको विवरण” अन्तर्गत परिभाषित गरिए अनुसारको नयाँ सम्पत्ति नेपाल भित्र अन्य प्रतिष्ठानले प्रयोगमा नल्याइएको र थप गरिएको सम्पत्तिको मोल सम्बन्धित महलमा लेख्नुपर्दछ ।

१६.०३ **प्रयोग गरिएको सम्पत्ति थप गरिएको भए सो को लागत**

प्रयोग भई सकेको कुनै स्थायी सम्पत्तिको खरीद गरिएको वस्तुको मोल सम्बन्धित महलमा लेख्नुपर्दछ । उद्योग प्रतिष्ठानले नयाँ जमीन किनेको खण्डमा (जमीन कसैको उत्पादन नभई) त्यसको खरिद केवल स्वामित्व परिवर्तन हुने भएकोले  त्यसलाई पनि यसैमा समावेश  गर्नु पर्दछ ।

१६.०४ **पूँजीगत  मर्मत सम्भार गर्दाको लागत**

भई रहेको विभिन्न स्थायी सम्पत्तिको साधनहरूमा प्रमुख सुधार, मर्मत सम्भार र जिर्णोद्धार अरुबाट गराउँदा लागेको लागत सम्बन्धित महलमा लेख्नु पर्दछ । सामान्यत: पूँजीगत मर्मत भन्नाले स्थायी सम्पत्ति भित्र पर्ने साधनहरूको आयु बढाउने मर्मतलाई बुझ्नु पर्दछ ।

१६.०५ **आफ्नै प्रयोगको लागि आफ्नै श्रमशक्तिबाट उत्पादित स्थायी सम्पत्तिको रकम**

उद्योग प्रतिष्ठानले आफ्नो प्रयोगको निम्ति भई रहेको स्थायी सम्पत्तिमा आफ्नो श्रम शक्ति लगाई मर्मत सम्भार र जिर्णोद्धार गरेका हुन्छन । त्यही काम अन्य कसैवाट गराउँदा लाग्ने अनुमानित रकम यस महलमा लेख्नु पर्दछ ।

१६.०६ **स्थायी सम्पत्तिको विक्रीबाट प्राप्त रकम**

स्थायी सम्पत्तिको विवरणमा परिभाषित गरिए अनुसारको कुनै स्थायी सम्पत्तिको विक्रीबाट प्राप्त रकम सम्बन्धित महलमा लेख्नु पर्दछ ।

**नोट :-** यस प्रकारको रकम खुलाउँदा उद्योग प्रतिष्ठानले खुद प्राप्त गरेको रकमलाई लिनु पर्दछ ।

१६.०७ **दैवी प्रकोप तथा अन्य कारणबाट स्थायी सम्पत्तिको ह्रास**

दैवी प्रकोपबाट स्थायी सम्पत्तिको ह्रास हुन गएमा सो ह्रास बराबरको मूल्य यस शिर्षक अन्तर्गत उल्लेख गर्नु पर्दछ ।

१६.०८ **वार्षिक ह्रास कट्टीको कूल रकम**

उद्योग प्रतिष्ठानमा प्रयोग भई रहेको स्थायी सम्पत्तिको लागतमा वार्षिक ह्रास कट्टिदर (Depreciation)  बाट हुन आउने

वार्षिक रकम सम्बन्धित महलमा लेख्नुपर्दछ । ह्रास कट्टि गर्दा सन्दर्भ वर्षको शुरुमा रहेको स्थायी सम्पत्ति र वर्ष भरिमा थप हुन आएको स्थायी सम्पत्ति समेतको प्रचलित ह्रास कट्टि दर अनुसार ह्रास कट्टि गरी हुन आउने रकम यस अन्तर्गत खुलाउनु पर्दछ । थप हुन आएको स्थायी सम्पत्तिको ह्रास कट्टि गरी सन्दर्भ वर्ष भित्र प्रयोग गरिएको समय अनुसार समानुपातिक रूपबाट निकाली राख्नु पर्दछ ।

१६ **जम्मा**

जम्मा रकम खुलाउँदा १६.०१ देखि १६.०५ को सम्बन्धित महलको रकम जोड गरी १६.०६, १६.०७ र १६.०८ को रकम घटाई लेख्नु पर्दछ ।

## १७. उत्पादन क्षमताको उपयोग

कुनै उद्योग प्रतिष्ठानको उत्पादन क्षमता भन्नाले आफूसँग भई रहेको मेशीन तथा उपकरणहरूको अधिकतम उपयोग गर्दा उत्पादन गर्न सकिने प्रमुख उत्पादित वस्तुको परिमाण बुझ्नु पर्दछ ।

### १७.०१ उत्पादन क्षमताको कति प्रतिशत उपयोग गरिएको छ ?

कुनै पनि उद्योग प्रतिष्ठानको उत्पादन क्षमताको उपयोग कति प्रतिशत सम्म भएको छ त्यसको लागि ८ वटा कोष्ठमा दिइएको उत्पादन क्षमता प्रतिशत मध्ये उपयुक्त कोष्ठमा “✓“ चिन्ह लगाउनु पर्दछ ।

## १८. उद्योग प्रतिष्ठानको मुख्य मुख्य समस्या

उद्योग प्रतिष्ठानले कच्चापदार्थ खरिद देखी उत्पादिन वस्तुको वजार व्यवस्थापन सम्म विभिन्न प्रकारका समस्याहरु महशुस गर्दै आएका हुन सक्दछन । प्रमुख समस्याहरु जस्तैः कच्चा पदार्थको अभाव, वजारको अभाव, पुँजिको कमी, औद्योगिक नीतिको कारण, तालिम प्राप्त दक्ष जनशक्तिको अभाव, अरुको एकाधिकार हुनु आदि मध्ये आफ्नो उद्योगमा भएका मुख्य मुख्य समस्यामा प्राथमिकता क्रमानुसार १, २, ३, ४, .......लेख्नु पर्दछ । यदि यी समस्याहरु भन्दा वाहेकको मुख्य कुनै अन्य समस्या भए १८.०७ मा छोटकरीमा प्रष्ट हुने गरी लेख्नुकासाथै प्राथमिकता क्रमानुसारको नम्वर उल्लेख गर्नु पर्दछ । उद्योग प्रतिष्ठानमा कुनै समस्या नभएको खण्डमा १८.०८ मा “✓“ चिन्ह लगाउनु पर्दछ ।

*धन्यवाद*